जनहितमा जारी

नालामा फोहर वस्तु नफाली डस्टविन वा तोकिएको ठाउँमा फोहर फालौं ।

समर्पण सेवा संस्था

PRATEEK DAILY

राष्ट्रिय 'क' वर्ग

# प्रतीक

दैनिक

prateekdaily.com

कसैले कुनै पनि व्यक्तिलाई जात, जाति, वंश, समुदाय, पेशाका आधारमा व्यवसाय गर्न, कुनै धार्मिक कार्य गर्न वस्तु वा सेवा, सुविधा उत्पादन, बिक्री वितरण गर्न प्रतिबन्ध वा रोक लगाउन वा कुनै पेशा गर्न बाध्य पार्नुहुँदैन ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

❖ वर्ष ३४ ❖ २०७७ कात्तिक ०६ गते बिहीवार // मृत भस्म नबन्दैमा भित्क्को भैकन बल्नुछ // 2020 October 22 Thursday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क ६५

## निजगढमा बढ्दो छ कोरोना सङ्क्रमण

जीतलाल श्रेष्ठ, निजगढ, ५ कात्तिक/

निजगढमा पछिल्लोपटक कोरोना सङ्क्रमितको सङ्ख्या ह्वात्तै बढेको छ। असोज २१ गतेअघि सङ्क्रमित शून्यमा झरेको दुई साता नबित्दै पुनः सङ्क्रमण देखिएसँगै समुदायस्तरमा नै कोभिड–१९ फैलिएको निजगढ नगर स्वास्थ्य संयोजक रमेश लामाले जानकारी दिए ।



निजगढस्थित हाटबजारमा खसी, बोका खरीद गर्नेहरूको भीड । तस्वीरः प्रतीक

असोज २१ गते तीनजना, २२ गते सातजना र २७ गते ११ जनामा लक्षणसहितको कोरोना सङ्क्रमण पुष्टि भएको उनले बताए। निजगढमा अन्दाजी ७७ वर्षीय वृद्धको कोरोना सङ्क्रमणका कारण आज बिहान काठमाडौंमा निधन भएको आशङ्का छ। मृतक परिवारका ४/५ जनालाई पनि सङ्क्रमण देखिएको बाहिरी हल्ला आएसँगै सम्पर्क गर्न खोज्दा मोबाइल नउठेको छिमेकीले जानकारी दिएका छन् ।

कोरोना सङ्क्रमणका कारण दुईजनाको अवस्था गम्भीर रहेको छ। हाल निजगढमा ३३ जनाको परीक्षण गर्न स्वाब सङ्कलन सामग्री लिन स्वास्थ्यकर्मी नारायणी अस्पताल, वीरगंज गए पनि सामग्री पाइने–नपाइने टुङ्गो नलागेको नगर स्वास्थ्य संयोजक लामाले बताए।

अब हाटबजारलगायत अन्य भीडभाड हुने स्थान बन्द नगरे अवस्था झनै भयावह हुन सक्ने निजगढका स्वास्थ्यकर्मीहरूको भनाइ छ। नजीकिंदो दशैंले हाटबजारमा खसी–बोका खरीद, बिक्री गर्नेहरूको भीड बढेको छ। भौतिक दूरीको एक रत्ती पालना हुने गरेको छैन भने हाटबजारमा आउनेहरू विनामास्क आउने गरेका छन् । यहाँ खसी–बोका खरीद गर्न वीरगंज, परवानीपुर, जीतपुर, सिमरा, पथलैया, चन्द्रनिगाहपुरलगायत भित्री गाउँबस्तीबाट समेत मानिस आउने गरेका छन् ।

कोरोना सङ्क्रमण शून्य भएपछि सञ्चालनमा आएका सरकारी, निजी विद्यालयमा प्रत्यक्ष सिकाइ बन्द गरिए पनि अन्य वैकल्पिक उपाय गर्दै विद्यालयहरूले पठनपाठन अघि बढाइरहेका छन् । निजगढका पसलहरूमा समेत भौतिक दूरीको पालना हुन सकिरहेको छैन ।

## धान बालीमा भुसुना कीराको प्रकोप

प्रस, सिम्रौनगढ, ५ कात्तिक/

सिम्रौनगढ क्षेत्रमा भुसुनाले अगहनी धानलाई क्षति पुऱ्याएको छ। सिम्रौनगढ नगर क्षेत्र, पचरौता र जिल्लाका विभिन्न स्थानमा अगहनी धानमा भुसुना कीरा लागेको र सो कीराको प्रकोपबाट धान नष्ट भइरहेको किसानहरूले गुनासो गरे।

लङ्डाचोक, सुखी, पथरा, कुडवा, पोखरिया, कञ्चनपुर, बलुवा, ब्रह्मपुरी, बाजोपट्टि र सिम्रौनगढ इलाकाको अमृतगंज, हरिहरपुर, गङ्गानगर, देवापुर टेटा, भगवानपुर, पटेर्वा, कमलपुर खजानी, श्रीनगर बैरिया, नौकाटोला, अमरपुर, कचोर्वा र सिम्रौनगढ बजारमा यो कीराले धानबालीलाई नष्ट पारिरहेको किसानहरूले बताए। बाजोपट्टिका किसान किशोरी यादवले भुसुनाको प्रकोप अगहनी धानमा देखिएको बताए । उनले खेतमा यो कीरा फैलिएर धानलाई क्षति पुऱ्याइरहेको बताएका छन्। धानको बोट, बालासहित तलदेखि माथिसम्म सुक्ने गरेको अर्का कृषक अमृतगंजका नन्हक नष्ट हुने गरेको सिम्रौनगढ सानो इँटवालका बन्हु महतो नुनियाले बताए। अगहनी धान



भुसुना कीराको प्रकोपबाट क्षति पुगेको धानबाली । तस्वीरः प्रतीक

पासवानले बताए। उनले मसिनो कीराको आक्रमणबाट अगहनी धानलाई क्षति पुगिरहेको जानकारी गराएका छन् ।

सयौंको सङ्ख्यामा धानबालीमा भुसुना देखा पर्ने र तलदेखि माथिसम्म धानबाली परिपक्व भएर तयारी अवस्थामा हुँदा यो रोग देखा परेको उनले बताए । किसानहरूले रोगबाट जोगिन स्थानीय विषादी पसलेको सल्लाहमा कीटनाशक औषधि प्रयोग गर्न थालेका छन् ।

## एकजना महिलासहित २७ जनाद्वारा रक्तदान

प्रस, वीरगंज, ५ कात्तिक/

महागढीमाई नगरपालिका, बारामा तेलकुवा युवा क्लबले आयोजना गरेको रक्तदान कार्यक्रममा एकजना महिलासहित २७ जनाले रक्तदान गरेको रक्तसञ्चार केन्द्र वीरगंजका प्राविधिक धीरेन्द्र झाले बताए ।

नेराप्रावि तेलकुवामा भएको रक्तदान कार्यक्रममा मेनुका साह, सुधीर साह, राकेश साह, सागर सर्राफ, अरविन्द यादव, राधेचन्द्र यादव, पूर्णकुमार साह, चन्दन सहनी, चन्देश्वर पटेललगायतले रक्तदान गरेका थिए ।





## पर्साको ग्रामीण भेगमा पनि दशैंको उमङ्ग देखिएन

प्रस, पंचगावाँ, ५ कात्तिक/

यसपालिको दशैंले पर्साको ग्रामीण क्षेत्रमा खासै उमङ्ग ल्याएको छैन। प्रत्येक वर्ष दशैंको अवसरमा विभिन्न स्थानमा दुर्गापूजाको लागि पन्डाल बनाएर मूर्ति राखिने, मठमन्दिरमा पूजाअर्चना गर्ने र दशैंको मेला लाग्ने गर्थ्यो ।

यसपालि छिटपुटरूपमा दुर्गापूजाको लागि पन्डाल बनाएर मूर्ति राखिएको छ। पर्साको ठोरी, जीराभवानी, पटेर्वासुगौली, सखुवाप्रसौनी गाउँपालिका र पर्सागढी नगरपालिकाबाट रोजगारका लागि बाहिरिएकाहरू लकडाउनमा घर फर्के पनि पुनः रोजगारको लागि बाहिरिएका छन् । यसअघि धेरैजसो मानिस दशैं, दीपावली र छठको अवसरमा बाहिरबाट घर आउने गर्थे

(बाँकी तेस्रो पातामा)

कोरोनाबाट सचेत रही चाडपर्व मनाऔं



शुभ विजयादशमी, दीपावली तथा छठ पर्व-२०७७ को पावन अवसरमा सम्पूर्ण नगरवासी, कर्मचारीहरूमा सुख, समृद्धि, सुस्वास्थ्य तथा उत्तरोत्तर प्रगतिको लागि हार्दिक मङ्गलमय शुभकामना ।

अर्चना चौधरी (उपप्रमुख)
पर्सागढी नगरपालिका कार्यालय, हरपुर, पर्सा

कोरोनाबाट सचेत रही चाडपर्व मनाऔं



शुभ विजयादशमी, दीपावली तथा छठ पर्व-२०७७ को पावन अवसरमा सम्पूर्ण वडावासी, कर्मचारीहरूमा सुख, समृद्धि, सुस्वास्थ्य तथा उत्तरोत्तर प्रगतिको हार्दिक मङ्गलमय शुभकामना ।

हरिनारायण चौधरी (अध्यक्ष) ममता महतो (उपाध्यक्ष)
पटेर्वासुगौली गाउँपालिका वडा नं. १ परिवार

## छोटकरी

### १९ जनामा कोरोना सङ्क्रमण

प्रस, वीरगंज, ५ कात्तिक/

नारायणी अस्पतालको प्रयोगशालाले पर्सा, बारा र सर्लाहीका गरी थप १९ जनामा सङ्क्रमण पुष्टि भएको जनाएको छ ।

जिल्ला प्रशासन कार्यालय, पर्साका प्रशासकीय अधिकृत विनयकुमार श्रीवास्तवले मङ्गलवार राति अस्पतालको प्रयोगशालाबाट सर्लाहीका १ जना, बाराका ७ जना र पर्साका ११ जना गरी १९ जना सङ्क्रमित पुष्टि भएको बुधवार जानकारी गराए । पर्साका ११ जनामा २ जना महिला र ९ जना पुरुष छन् । उनीहरूमध्ये एकजना जगरनाथपुर गाउँपालिकाका र बाँकी वीरगंजका विभिन्न वडाका हुन् ।

National Healthcare

!!OPPORTUNITY!!

**National Healthcare Pvt. Ltd.,** Pharmaceutical Company invites application from qualified candidates for the following post;

Job Location: Chhatapipra,Bara, Nepal

**1. Boiler Operator- Few Nos. :**

**Job Specification**

- Willing to work as per organization needs.
- Certified boiler operator from government of Nepal
- 2/3 years of experience- Prefered.

Interested & eligible candidates are requested to forward their updated resume with covering letter to **fm@nationalhealthcare.com.np** by 1st Nov 2020.

*No telephonic calls shall be entertained; Only Short listed candidates will be called. for an interview.*



**सबैभन्दा राम्रो दृष्टि त्यो हो, जसले आफ्नो कमजोरी देख्न सक्छ ।**

**-विचारसार एवं सूक्तिहरू**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| प्रबन्ध सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति टोल, श्रीपुर, वीरगंज-१४ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# कोरोनाले खाँदैछ

**विश्वव्यापीरूपमा फैलिएको कोरोना महामारीले धेरैलाई खाँदैछ । कोरोनाले लाखौंको ज्यान लिएकोतर्फ मात्रै सबैको ध्यान गइरहेको छ, तर यसले प्रत्यक्षरूपमा अन्य धेरै क्षेत्रलाई पनि सिध्याउँदै छ । विश्वका कैंयन ठूला उद्योगपति सडकमा आइपुगेका छन् । जहाँ 'नो वर्क नो पे' लागू छैन, तर स्थायी कामदार धेरै छन् भने त्यस्ता कम्पनी ठूलो क्षतिमा छन् । लकडाउनको बेला उद्योग चलाउन नपाइने, उद्योग चलेको बेला बजारमा लैजान नपाउने अवस्था रह्यो । आम्दानी खस्कँदो तर पारिश्रमिक भुक्तानी भने दिनुपर्दा राम्रा-राम्रा उद्योगहरू पनि डगमगाएका छन् । यो क्रममा रोजगार गुमाएका दैनिक ज्यालादारी श्रमिक, मजदूर तथा कर्मचारीहरूको अवस्था झन् दयनीय छ । कोरोनाको कारण अभाव तथा अप्ठ्यारा झेल्नुपर्दा कैंयनले आत्महत्यासमेत गरेका छन् भने भोकभोकै मर्नेहरूको सङ्ख्या पनि कम छैन । यसर्थ कोरोना पोजेटिभ देखिएर मृत्यु भएकाहरूलाई मात्रै कोरोनाबाट मृत्यु भएको ठान्नु सतही हुन्छ ।**

**कोरोनाले विश्वका ठूलठूला राजनीतिज्ञहरूको राजनीतिक भविष्य नै खाइदिएको छ । पछिल्लोपटक अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प सबैभन्दा बढी कोरोनाको कारण विवादमा तानिएका छन् । मास्क लगाउने र नलगाउने सम्बन्धमा ट्रम्पको भनाइ तथा लकडाउन गर्ने या नगर्ने सम्बन्धमा उनको विचार विवादास्पद बन्यो । कोरोनाको औषधिबारे उनले गरेको दाबी झनै विवादास्पद रह्यो । हालै ट्रम्पले अमेरिकी विज्ञ तथा नागरिकले सम्मानका साथ हेर्ने गरेका व्यक्ति डा एन्थोनी फाउचीलाई "फाउची नै कोरोनाका प्रकोप हुन्, उनले जनतालाई तर्साउने काम गरिरहेका छन्," भनेर टिप्पणी गरेपछि अमेरिकी नागरिकहरूले निकै आक्रोश व्यक्त गरेका छन् । विश्वको सबैभन्दा शक्तिसम्पन्न मुलुक मानिएको अमेरिकी राष्ट्रपति ट्रम्पको शाख कोरोनाको कारण यतिसम्म खस्क्यो कि ट्वीटर र फेसबूकले समेत उनको स्टाटसलाई अस्वीकार गर्न थालेको छ । यी सबै घटनाक्रमले नजीकिंदो अमेरिकी राष्ट्रपति चुनावमा ट्रम्पका लागि नकारात्मक प्रचारथपिंदै छ । जसले उनको राजनीतिक यात्रा नै समाप्त गरि दिने हो कि भन्ने आकलन बढ्दो छ ।**

**लोकप्रिय मानिएका बेलारूसका राष्ट्रपति एलेक्जेन्डर लुकासेन्काको अलोकप्रियता कोरोनाकै कारण शुरू भएको हो । २४ वर्षदेखि सत्तामा रहेका लुकासेन्काले ८० प्रतिशतभन्दा बढी मत ल्याएको घोषणासँगै विपक्षीहरू आन्दोलनमा रहेको बेला 'बेलारूस टयाक्टरले कोरोनालाई खाइदिने र अल्को हल सेवनले कोरोना जित्न सक्ने' जस्ता विवादास्पद अभिव्यक्ति दिन थालेपछि विरोधी आन्दोलनले ऊर्जा पायो । बेलारूसका धेरै स्थानबाट उनलाई जुत्ता उपहार आयो र त्यस विरोध अभियानमा उनका आफ्नै मतदाताहरू पनि सहभागी भए । त्यसैगरी, नेपालमा पनि कोरोना भाइरसले वर्तमान केपी ओली नेतृत्वको सरकारलाई खाँदैछ । कोरोना सम्बन्धमा ओली सरकारले विभिन्न समयमा गर्दै आएका हरेक निर्णय विवादमा पर्ने र जनअसन्तुष्टि जाहेर हुने गरेका छन् । कोरोना राहत शीर्षकको रकमदेखि हाल कोरोना सङ्क्रमितको उपचार नगर्ने निर्णयसम्म आइपुग्दा सरकार निकै अलोकप्रिय बनिसकेको छ । समयमा समीक्षा गर्दै सुधार गरिएन भने आगामी संसदीय चुनावमा घक्रक्क बस्ने गरी यो सरकार र नेकपालाई कोरोना मुद्दाले खाइदिने हो कि आशङ्का बढ्दो छ ।**

# यस वर्षको दशैंको दिशा

धेरै पहिलेदेखि भनिंदै आएको छ - दशैं केहीको लागि दशा बनेर आउँछ । यसैगरी अर्को भनाइ पनि प्रचलित छ - दशैं खुशी बोकेर आए पनि ऋण बोकाएर जान्छ । दशैंको सम्बन्धमा सामाजिक यथार्थसित मेल खाने यस्ता अनेक भनाइ अद्यपर्यन्त प्रचलनमा छन् । यी र यस्ता भनाइले दशैंलाई एकातिर खर्चिलो पर्व र अर्कोतिर आवश्यक सामाजिक-सांस्कृतिक सेतु प्रमाणित गर्दछ । हो, सबैले बुझेका छन्, दशैंको सम्बन्ध समाज र संस्कृतिसित निकै गहिरो छ । यस गहिरो सम्बन्धलाई सरकारले झन् औपचारिकरूपमैं प्रगाढ बनाइदिएको छ । सरकारले हरेक वर्ष दशैंको बेला नै चाडपर्व खर्च राज्यकोषबाट सबैलाई उपलब्ध गराउने गरेको छ ।

दशैंको अर्थतन्त्र गतिशील हुन्थ्यो । हुनत अधिकांश व्यापारी तथा व्यवसायीले प्रतिक्रिया दिने गर्दथे कि पहिलेजस्तो बेपार भएन, तर यसपटक साँच्चै पहिलेजस्तो बेपार भएको पाइएको छैन । सरकारले पनि सम्भव भएसम्म नयाँ कपडा नकिनौं भनिसकेको छ । सरकारले भन्नेबित्तिकै मान्ने हाम्रो संस्कार नै होइन । परिस्थिति यस्तो छ कि अर्थतन्त्र चलायमान हुन सकेको छैन । सर्वसाधारणको हातमा रकम पुग्न सकेको छैन । त्यसमाथि महँगी बढेको छ । सर्वसाधारणको आयमा कमी आउनु र महँगी बढ्नुले पनि अर्थतन्त्रको प्रवाहमा अवरोध पुगेको छ । बैंकहरूले पनि पैसा मौज्दात बढेको, ऋणको माग खासै बढ्न नसकेको बताइरहेका छन् । अन्य समयमा ऋणको लागि बैंकहरूमा भरमार भीड हुने गर्दथ्यो तर अहिले बैंकमा पैसा छ, पैसा लिनेहरूको कमी देखिएको छ ।

बैंकबाट ऋण लिएर पनि के गर्ने ? पैसा कुन काममा खर्च गर्ने ? बेपारमा खासै फाइदा देखिएको छैन । विभिन्न शहरमा व्यापारिक प्रयोजनका धेरै सटर तथा घरहरू धमाधम खाली हुँदैछन् । अहिले बेपार सञ्चालन गरिरहेकाहरू पनि निराश छन् । व्यवसायीहरू त पहिलेदेखि नै यही दोहोऱ्याइरहेका थिए कि यसपालि बेपार छैन, तर यसपटक साँच्चै बेपार छैन भन्ने कुरो सबैले बुझेका छन् । कसैले बैंकबाट ऋण लिएर लगानी गर्ने भनेकै घरायसी वा व्यावसायिक प्रयोजनमा हो । बैंकबाट ऋण लिएर घर वा खेतमा लगानी गर्दा बैंकको ब्याज तथा ऋण तिर्ने स्रोतको निश्चितता हुनुपर्छ । अहिले स्रोत निश्चित छैन । उदाहरणको लागि व्यवसाय राम्ररी चलेको छैन, निजी विद्यालयमा पढाउने लाखौं शिक्षक बेरोजगारजस्तै छन्, नेपाल सरकारले उपलब्ध गराएको अनुदानबाहेक उच्च माध्यमिक तथा क्याम्पसमा पढाउने लाखौं शिक्षकले सात महीनादेखि तलब पाएका छैनन् वा बेरोजगारीको दैनिकी बिताइरहेका छन्, विभिन्न एनजिओमा काम गर्ने कर्मचारीको हालत पनि उही छ । शिक्षालयका लाखौं विद्यार्थी घरमैं थुनिएका छन्, उनीहरूबाट आउने शुल्कको अभावले आर्थिक गतिशीलता रोकिएको छ । यसैगरी, कक्षा एघार र बाह्रको परीक्षा हुन सकेको छैन । स्नातक तहको प्रथम वर्षमा विद्यार्थी भर्ना हुन सकेका छैनन् । यसले लाखौं विद्यार्थीबाट हुने थप आर्थिक गतिशीलतामा प्रभाव परेको छ । बेरोजगारी ह्वात्तै बढेको छ । यी सब कारणले बैंकबाट ऋण लिएर केही गर्न चाहनेको आँट कमजोर भएको छ ।

यस विशेष परिस्थितिले गर्दा दशैंमा खासै उत्साह देखिएको छैन । यद्यपि दशैंको पूजा तथा भक्तिमा खासै कमी देखिएको छैन । धार्मिक क्षेत्र वा शक्तिपीठ तथा दुर्गापूजाको लागि बनाइएका पण्डालहरूमा भीडभाड व्यापक देखिएको छ । सरकारले नगर्न भनेको भीडभाड र स्थानीय प्रशासनले रोकेको भएपनि भीडभाड भने कम भएको छैन । अहिलेको समय असामान्य छ । विगतमा यस्तो असामान्य समय सम्भवतः कहिल्यै आएको थिएन । अहिले मानिसदेखि मानिस डराउनुपर्ने अवस्था छ र पनि धार्मिक आस्थाका कारण सर्वसाधारण यसरी निर्भीक र निश्चिन्त भएर भीडभाडमा पस्ने गरेका छन् मानौं कुनै समस्या नै छैन । जबकि एक महीना पहिलेको र अहिलेको अवस्थालाई हेर्ने हो भने यस देशमा कोरोनाको कहर झन् बढेको तथ्याङ्क छ । कोरोनाले देशलाई गाँज्दै लगेको मात्र नभएर सर्वसाधारणका लागि सरकारबाट प्रदान गरिने धेरै सेवा र सुविधा पनि कटौती हुँदै गएको देखिएको छ । यहाँसम्म कि आफ्नै खर्चमा उपचार गर्नुपर्ने कुरो पनि सरकारले बताइसकेको छ, जसको व्यापक आलोचना भइरहेको छ । गत महीनासम्म मुख्यगरी वीरगंजमा, कोरोनाको कहर उच्च देखिएको थियो र अहिले केही शान्त छ । देशको राजधानी काठमाडौंमा भने अहिले कोरोनाको कहर उच्च देखिएको छ । मन्दिर, धार्मिक मेला वा जात्रा तथा दर्शन वा पूजा जे नाउँमा पनि, भीडभाडमा स्वनियन्त्रण नगर्ने र लापरवाही गर्ने हो भने अवस्था कस्तो आउला भन्न सकिन्न ।

अहिले कोरोनाबाट नडराउनेहरू निर्धक्क छन् । कोरोना केही होइन भनिरहेका छन् । न्यूनतम स्वास्थ्य सुरक्षाको पनि वास्ता गरेका छैनन् र सतर्क रहनेलाई मौका पाउनासाथ हेपिरहेका छन् । निगरानी गर्ने निकाय पनि एक किसिमले मौन देखिएको छ । सार्वजनिक तथा निजी यातायातमा मास्क लगाएको पाइँदैन । यात्रुमाथि यदि कडाइ गर्ने हो भने घरबाट निस्कने बेलामैं हरेकले मास्क लगाएर निस्कन्छन् तर निगरानी फितलो छ । नियमित प्रेस ब्रिफिङ्मा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले सावधानीको जे जति कुरा सार्वजनिक गर्ने गरेको छ, हाम्रो समाजमा त्यो सुन्नका लागि मात्र हो भन्ने देखिएको छ । कतिपयले यति हल्कारूपमा लिन थालेका छन् कि हरेक दिनको सङ्क्रमित, निको हुने र मृत्यु हुनेको सङ्ख्या मात्र गनिरहन्छन् । सावधानीको पक्ष धरापमा परेको छ । तर कोरोना त भुसको आगोजस्तै भित्रभित्रै सल्किरहेको छ भन्ने हेक्का सर्वसाधारणले राख्नै छाडिसक्यो । यदि कोरोना सङ्क्रमण तथ्याङ्कमा भनिएकै जस्तै बढिरहेको छ भने वर्तमान भीडभाड र लापरवाहीले भोलिको दिन प्रलयङ्कारी हुने देखाउँछ ।

भनिन्छ, पूजामा श्रद्धा, आस्था तथा प्रेम हुनुपर्छ । पूजा प्रदर्शन होइन । देवतालाई समर्पण चाहिन्छ, देखावटीपन होइन । वर्तमान विषम परिस्थितिमा मन्दिरमा पुग्नैपर्छ भन्ने होइन । मूर्तिका अगाडि उभिएर घण्टौं भजन गाउनैपर्छ भन्ने पनि होइन । पूजा त हृदयबाट गरिने हो र भजन घरमा फोटो राखेर पनि गर्न सकिन्छ । अहिले घरमा बसेर अन्तर्हृदयले आराधना तथा पूजा गर्ने सबैभन्दा उपयुक्त समय हो । दशैं देश र नागरिकको लागि कोरोना भाइरसको सङ्क्रमण बढ्ने दुःअवसर नबनोस् । दशैं त सबैको लागि सुखमय हुनुपर्ने हो, दशैंले त सबैमा सुख, शान्ति र समृद्धि ल्याउनुपर्ने हो । हाम्रो समाजले औपचारिक तथा अनौपचारिकरूपमा दशैंको अवसरमा आफ्नो र एक अर्काको सुख, शान्ति तथा समृद्धिको कामना गर्ने गरेको छ । आरोग्य रहने चाहना अभिव्यक्त गर्ने गरेको छ । अहिलेको विषम परिस्थितिमा आएको दशैंको अवसरमा यस किसिमका शुभ-भावना तथा कामना कसरी सार्थक हुन सक्छ भन्नेतिर व्यावहारिक ध्यान दिनुपरेको छ । अन्तर्हृदयमा कामना गर्ने तर व्यवहारमा भने पछाडि पर्नाले कामना सार्थक हुन सक्दैन । यस वर्षको दशैंको हावा फरक दिशामा बगेको छ, समयको दिशा बुझेर मात्र संस्कृति र चाडपर्व मान्दा-मनाउँदा उचित हुन्छ ।

कामना गरेर मात्र हुँदैन, कामनाको पथमा सार्थक पाइला पनि चाल्नुपर्दछ । हामी सबै दशैंको अवसरमा शुभकामना नै दिन्छौं । शुभकामनालाई साकार बनाउन केही गर्दैनौं । शुभकामना दिएपछि आशीर्वचन ग्रहण गर्नेलाई त्यसको अवलम्बन पनि गर्न सुझाव दिनु उपयुक्त ठहर्छ । सम्भव भएसम्म सचेत बनौं, चेतना नगुमाउँ । धेरै लापरवाही हुने ठाउँमा एकाध मानिस सावधान भएर पनि हुँदैन । यस अवस्थामा घरमा बस्नु बेस हो तर सधैं घरमैं बसिरहन सकिंदैन र बाहिर भने असावधान भीड छ । दशैं हाम्रो आस्था, श्रद्धासँगै सामाजिक व्यवहारमा संवेदनशील बनाउने पर्व पनि हो किनभने यसले ठूलाका अगाडि शिर निहुराएर आशीर्वाद (टीका) थाप्ने संस्कृति बोकेको हुन्छ । यसपटकको आशीर्वादमा स्वास्थ्य, सुरक्षा सावधानी विशेष उपयुक्त हुन्छ किनभने यस वर्षको दशैंको दिशा पहिलेका वर्षहरूभन्दा निकै फरक छ ।

सबैको दशैं सुखमय होओस्, दशैंपछिको जीवन अझ सुखमय होओस् । यसका लागि स्वास्थ्य, सुरक्षाको उच्चतम उपाय अँगालेर दशैंको सांस्कृतिक काम सम्पन्न गरौं । दशैंले सबैलाई शुभ फल देओस्, सबैमा सकारात्मक आशाको सञ्चार गरोस् भन्ने आदिकालदेखि मान्य शुभकामना !

□□□

स्वतन्त्र विचार



सञ्जय साह मित्र
mitrasanjay41@gmail.com

**कामना गरेर मात्र हुँदैन, कामनाको पथमा सार्थक पाइला पनि चाल्नुपर्दछ । हामी सबै दशैंको अवसरमा शुभकामना नै दिन्छौं । शुभकामनालाई साकार बनाउन केही गर्दैनौं । शुभकामना दिएपछि आशीर्वचन ग्रहण गर्नेलाई त्यसको अवलम्बन पनि गर्न सुझाव दिनु उपयुक्त ठहर्छ ।**

# किसानको धान खरीद गर्न सहकारीलाई अनुदान

काठमाडौं, ५ कात्तिक/रासस

सरकारले किसानको धान खरीद गर्नका लागि सहकारीलाई अनुदान प्रदान गर्ने भएको छ । कृषि तथा पशुपक्षी विकास मन्त्रालयले तोकेको मूल्यमा किसानले धानको बजार पाउने व्यवस्थासहित सहकारीलाई प्रतिक्विन्टल रु ११२ अनुदान दिने मन्त्रालयका उपसचिव डा गङ्गादत्त आचार्यले बताए ।

मन्त्रालयले धानको न्यूनतम समर्थन मूल्यमा धान खरीद र व्यवस्थापन गर्नेसम्बन्धी निर्देशिका, २०७७ पारित गर्दै सहकारीलाई सहयोग गर्ने भएको हो । सहकारीले यसरी न्यूनतम मूल्यमा धान खरीद गर्दा सरकारले धानको न्यूनतम समर्थन मूल्य मोटो धान प्रतिक्विन्टल रु दुई हजार ७३५ र मध्यम धान प्रतिक्विन्टल रु दुई हजार ८८५ तोकेको थियो । उनले कृषि उत्पादन र कृषकको हितमा हुने तथा धानको न्यूनतम समर्थन मूल्य प्रभावकारी भएमा बिचौलियाका कारण किसानलाई हुने घाटा रोकिने बताए । करीब १७५ सहकारीले डेढ लाख मेट्रिक टन धान खरीद गर्न सक्ने आशय व्यक्त गरिसकेका उपसचिव आचार्यले जानकारी दिए । उनका अनुसार मन्त्रालयले चाँडै नै सूचना प्रकाशित गरी सबै सहकारीलाई आह्वान गर्नेछ ।

धान खरीद गर्दा सहकारीले १८ प्रतिशत चिस्यान भएको धानलाई न्यूनतम समर्थन मूल्यमा खरीद गर्नेछन् । त्यसभन्दा बढी चिस्यान भए एक प्रतिशत चिस्यानको १२ सय ग्राम तौल घटाएर मूल्य निर्धारित गर्नेछ । यसरी न्यूनतम समर्थन मूल्यको प्रभावकारी कार्यान्वयन हुने र किसान लाभान्वित हुनेछन् भने सहकारीमार्फत् काम हुँदा कृषिमा सहकारीको भूमिका कुरामा मात्रै होइन, व्यवहारमा समेत स्थापित हुँदै जाने उनको भनाइ छ ।

उपसचिव डा आचार्यका अनुसार कृषि अर्थतन्त्रमा सहकारीको भूमिका बढाउँदै लैजाने र भविष्यमा मल, बीउ, गोदाम, कोल्डस्टोर, नर्सरी, उत्पादनलगायत सबै क्षेत्रमा सहकारीको नेतृत्व स्थापित गर्ने मन्त्रालयको योजना रहेको बताए ।

# १५ किलो गाँजासहित दुईजना पक्राउ

मलङ्गवा, ५ कात्तिक/रासस

लागूऔषध गाँजासहित सर्लाही जिल्लाको लालबन्दीबाट प्रहरीले दुईजनालाई पक्राउ गरेको छ ।

लालबन्दी नगरपालिका-१ बागवानी केन्द्रका प्रहरीले प्रदेश २-०-३००१ प ८०६३ नम्बरको मोटरसाइकललाई बुधवार बिहान ४:३० बजे जाँच गर्दा १५ किलो गाँजासहित हरिवन नगरपालिका-२ डाबरी निवासी २० वर्षीय श्रवण महतो र १९ वर्षीय बद्री महतोलाई पक्राउ गरेको हो ।

डाबरीबाट जङ्गलको बाटो हुँदै बागवानी आएपछि उनीहरूलाई प्रहरीले जाँच गर्दा गाँजा फेला परेपछि नियन्त्रणमा लिएको सर्लाहीका प्रहरी प्रवक्ता प्रनाउ मदन कुँवरले जानकारी दिए । प्रहरीले उनीहरूका साथबाट दुई फिट लामो धारिलो हतियार तरबारसमेत बरामद गरेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

यसैबीच, बलरा नगरपालिकामा पोखरीमा डुबेर एकजना बालकको मृत्यु भएको छ ।

बलरा-४ स्थित सार्वजनिक पोखरीमा डुबेर स्थानीयवासी जगु सहनीका नौ वर्षीय छोरा आदित्यकुमारको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सर्लाहीले जनाएको छ । मङ्गलवार साँझ पोखरीमा नुहाउने क्रममा सहनी पोखरीमा डुबेका थिए ।

पाठक पत्र

श्रीमान् सम्पादकज्यू,

उपरोक्त सम्बन्धमा मिति २०७७/०७/४ गते प्रकाशित 'भगवती स्टीलमा कमिशन खाएर गार्ड नियुक्ति, दशैं खर्च नदिंदा तीनजनालाई कामबाट हटाइयो' शीर्षक समाचारमा यस गरुड सेक्युरिटी प्रालि पर्सा शाखाको ध्यानाकर्षण भएको छ ।

यस सम्बन्धमा त्यहाँ कार्यरत सुरक्षागार्डहरू दशैंमा भोज आयोजनका लागि एकापसमा आर्थिक सहयोग लिई मनाउने सरसल्लाह भएको हुँदा सो विषयमा समाचारमा अन्य विवरण छापिन गएको बेहोरा जानकारी गराइन्छ ।

**अभयविक्रम शाह (शाखा प्रमुख)**
गरुड सेक्युरिटी प्रा.लि., पर्सा शाखा

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

## अन्तर्राष्ट्रिय समाचार

# बुर्किना फासो, माली र नाइजरलाई एक अर्ब ७० करोड डलर मानवीय सहयोग

संयुक्त राष्ट्रसङ्घ, ५ कात्तिक/एपी

चरम मानवीय सङ्कट बेहोरिरहेका अफ्रिकाका साहेल क्षेत्रका तीन राष्ट्रका लागि २० भन्दा बढी दातृ निकायहरूले यस वर्ष झन्डै एक अर्ब डलर सहयोग गर्ने प्रतिबद्धता जनाएका छन् ।

राष्ट्रसङ्घका अनुसार सन् २०२१ का लागि समेत ७० करोड उपलब्ध गराउन दातृ निकाय सहमत भएका छन् ।

राष्ट्रसङ्घका प्रवक्ता स्टेफानी डुजारिकले उक्त सहायताबाट बुर्किना फासो, माली र नाइजरका एक करोड भन्दा बढी मानिसलाई सहयोग पुग्ने बताए ।

पोषण, खाद्यान्न, स्वास्थ्य सेवा, खानेपानी र सरसफाइ, अस्थायी आवास, शिक्षा, संरक्षण र लैङ्गिक हिंसा पीडितका लागि उक्त रकम खर्च हुने पनि प्रवक्ता डुजारिकले बताए ।

राष्ट्रसङ्घीय महासचिव एन्टोनियो गुटेरेसले राष्ट्रसङ्घ, डेनमार्क, जर्मनी र युरोपेली युनियनद्वारा आयोजित संयुक्त बैठकलाई सम्बोधन गर्दै मध्य साहेल क्षेत्र अहिले चरम जोखिममा रहेको र तीनै देशका जनता अहिले मानवीय सङ्कटमा रहेको बताए ।

उनले भने– "सुरक्षा स्थिति तीव्ररूपमा कमजोर हुँदैछ, आम मानिसको दैनिक जीवन सङ्कटमा छ। हिंसा बढेको बढ्चै छ र खासरूपमा महिला एवं बालिकाहरू जोखिममा छन् ।

आन्तरिक विस्थापन दुई वर्षयता निकै बढेको छ। जलवायु परिवर्तनले मानिसको जीविकामा असर परेको छ र कोभिड–१९ ले अझ सङ्कट बढाएको छ ।"

राष्ट्रसङ्घका मानवीय प्रमुख मार्क लोकक्ले विश्वमैं साहेल क्षेत्रमा सबैभन्दा ठूलो सङ्कट देखिएको बताउँदै बुर्किना फासो, माली र नाइजरमा ५० लाखभन्दा बढी बालबालिकासहित एक करोड ३० लाखभन्दा बढी मानिसलाई आपत्कालीन सहायता जरुरी रहेको बताए ।

महासचिव गुटेरेस र लोकक दुवैले सन् २०२० र २०२१ का लागि २ अर्ब ४० करोड डलरका लागि दातृ निकाय समक्ष अपील गरेका थिए ।

राष्ट्रसङ्घका प्रवक्ता डुजारिकले दातृ निकायहरूले ९८ करोड ५० लाख यस वर्ष सन् २०२० का लागि र सन् २०२१ का लागि ७० करोड ४० लाख उपलब्ध गराउन सहमति जनाएको बताए ।

राष्ट्रसङ्घका अनुसार स्वीट्जरल्यान्डले सबैभन्दा बढी ४६ करोड ४१ लाख उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गरेको छ। संयुक्त राज्य अमेरिकाले २७ करोड ४८ लाख, डेनमार्कले १८ करोड ३१ लाख, युरोपेली युनियनले १२ करोड २८ लाख र जर्मनीले ११ करोड ८२ लाख उपलब्ध गराउने बताएका छन् । रासस

# भारतमा दैनिक सङ्क्रमितको सङ्ख्या घट्दो

नयाँ दिल्ली, ५ कात्तिक/एएनआई

भारतमा कोरोना भाइरसबाट दैनिक सङ्क्रमितहरूको सङ्ख्या घट्दै गइरहेको छ ।

कोरोना भाइरसको महामारी शुरू भएदेखि वृद्धि हुँदै गइरहेको दैनिक सङ्ख्यामा केही समयदेखि कमी हुँदै आइरहेको हो ।

दैनिक झन्डै एक लाखसम्म सङ्क्रमितहरू भेटिएको भारतमा अहिले दैनिक ५० हजारको हाराहारीमा झरेको तथ्याङ्कमा देखिएको छ ।

केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले बुधवार दिएको जानकारी अनुसार भारतमा पछिल्लो २४ घण्टामा थप ५४ हजार ४४ जना सङ्क्रमित भएका छन् ।

सोही अवधिमा कोरोनाका कारण ७१७ जनाको मृत्यु भएको पनि मन्त्रालयका अधिकारीहरूले जानकारी दिएका छन् ।

भारतमा अहिलेसम्म कुल सङ्क्रमितहरूको सङ्ख्या ७६ लाख ५१ हजार १०८ पुगेको मन्त्रालयले जनाएको छ ।

कुल सङ्क्रमितमध्ये सात लाख ४० हजार ९० जना अझै पनि सङ्क्रमित अवस्थामैं रहेको पनि तथ्याङ्कमा देखिएको छ । भारतमा सङ्क्रमित अवस्थामैं रहेकाहरूको सङ्ख्यामा पनि पछिल्ला केही हप्तादेखि कमी आएको छ । लामो समयसम्म दैनिक झन्डै १० लाख मानिस सङ्क्रमित अवस्थामैं रहने गरेकोमा अहिले सात लाखको हाराहारीमा झरेको हो ।

सङ्क्रमित भएर पनि निको भइसकेकाहरूको कुल सङ्ख्या ६७ लाख ९५ हजार १०५ पुगेको मन्त्रालयले जनाएको छ ।

त्यसैगरी, भारतमा कोरोनाका कारण कुल मृतकको सङ्ख्या एक लाख १५ हजार ९१४ रहेको अधिकारीहरूले जानकारी दिएका छन् ।

भारतका प्रदेशहरूमध्ये कोरोनाबाट सबैभन्दा बढी महाराष्ट्र प्रदेश प्रभावित भएको छ। महाराष्ट्रमा मात्रै एक लाख ७४ हजार ७५५ जना सङ्क्रमित अवस्थामैं रहेका छन् । रासस

# क्याथी प्यासिफिकद्वारा ८ हजार ५०० रोजगारी कटौती

हङकङ, ५ कात्तिक/एपी

हङकङको विमान कम्पनी क्याथी प्यासिफिक एयरवेजले आठ हजार ५०० रोजगारी कटौती गर्न लागिएको जनाएको छ । कोरोना भाइरसको महामारीका कारण विमान सेवा सञ्चालन गर्न नसकिएकाले कर्मचारीहरूलाई राखिरहन पनि नसकिने भएकाले कटौती गर्न लागिएको कम्पनीका अधिकारीहरूले जानकारी दिएका छन् ।

रोजगारबाट हटाउन लागिएका कर्मचारीहरूमध्ये पाँच हजार तीन सय जना हङकङमैं रहेर काम गर्नेहरू परेका छन् । त्यसबाहेक अरू छ सयजना अन्य ठाउँमा रहेका कर्मचारीहरूलाई कटौती गर्न लागिएको कम्पनीको भनाइ छ । अरू दुई हजार छ सय पद भने पहिलेदेखि नै खाली रहेको थियो । कम्पनीको कुल रोजगारीको २४ प्रतिशत रोजगारी कटौती भएको कम्पनीद्वारा जारी वक्तव्यमा उल्लेख गरिएको छ । रासस

# किर्गिजस्तानमा डिसेम्बरमा संसदीय चुनाव

मस्को, ५ कात्तिक/एपी

किर्गिजस्तानका अधिकारीहरूले आगामी डिसेम्बरमा संसदीय निर्वाचन गर्नेगरी नयाँ मिति सार्वजनिक गरेका छन् । यसअघि गत अक्टोबर ४ मा भएको संसदीय निर्वाचनमा राष्ट्रपतिका समर्थक दलले एकपक्षीयरूपमा विजय हासिल गरेका थिए ।

तर उक्त निर्वाचनमा धाँधली भएको भन्दै राष्ट्रपतिविरुद्ध जनताले विरोध प्रदर्शन गरेका थिए। विरोधका कार्यक्रम बढ्दै गएपछि राष्ट्रपति सुरोनबाई जिन्बेकोभले राष्ट्रपति पदबाट राजीनामा दिएका हुन् ।

सरकारी कार्यालयहरूमा आक्रमणसमेत हुन थालेपछि निर्वाचन अधिकारीहरूले संसदीय निर्वाचनको नतीजालाई पनि खारेज गरिदिएका थिए। प्रदर्शनकारीले जेलमा बन्द रहेका सदिर झापारोभसमेत धेरै विपक्षीलाई मुक्त गराएका थिए ।

राष्ट्रपति सुरोनबाईले विपक्षी नेता सदिरलाई प्रधानमन्त्रीमा नियुक्त गरेका थिए । झापारोभ स्वयंले आफूलाई राज्यप्रमुख घोषणा गरेका थिए ।

बुधवार केन्द्रीय निर्वाचन आयोगले संसद्को आगामी निर्वाचन डिसेम्बर २० मा गर्ने गरी तोकेको छ । राष्ट्रपतिको निर्वाचन भने आगामी जनवरीमा हुन सक्नेछ। चीनसँग सीमा जोडिएको मध्य एशियाली राष्ट्र किर्गिजस्तानमा विगत १५ वर्षको अवधिमा तीनपटक सत्ता विद्रोह भइसकेको छ । यसअघि सन् २००५ र २०१० मा सत्ता विद्रोह भइसकेको छ । रासस

# कराँचीमा बम विस्फोट, ३ जनाको मृत्यु

कराँची, ५ कात्तिक/एएनआई

पाकिस्तानको कराँचीस्थित मस्कान चौरङ्गी नजीक बुधवार भएको बम विस्फोटमा कम्तीमा तीनजनाको मृत्यु भएको छ । प्रहरीका अनुसार बम विस्फोटनका कारण अरू १५ जना घाइते भएका छन् ।

इधी फाउन्डेशनका एकजना अधिकारीले घाइते सबैलाई स्थानीय पटेल अस्पतालमा भर्ना गरिएको जनाएका छन्। विस्फोटको प्रकृतिबारे स्पष्ट भइसकेको छैन । मुबिनाका प्रहरी अधिकारीले प्रारम्भिक अनुसन्धानमा सिलिन्डर बम विस्फोट भएको बताएका छन् ।

प्रत्यक्षदर्शीले विस्फोटबाट एक भवनका साथै केही सवारी साधनमा क्षति पुगेको बताएका छन् । अघिल्लो दिन शिरिन जिन्नाह कोलोनी नजीक बस टर्मिनलको प्रवेशद्वारमा एउटा बम विस्फोट हुँदा केही मानिस घाइते भएका थिए । रासस


## डिभिजन वन कार्यालय, पर्सा र सबैया साझेदारी वन समूहको अनुरोध

अवैधरूपमा वन क्षेत्रमा प्रवेश गरी चोरी निकासी, वन्यजन्तुको शिकार र वन अतिक्रमण गर्ने कार्यहरू वन ऐन २०७६ अनुसार दण्डनीय अपराध रहेकोले सो कार्य गर्ने, गराउनेलाई पाँच वर्षसम्म कैद र एक लाख रुपैयाँसम्म जरिवाना हुन सक्ने कानूनी व्यवस्था रहेकोले सो कार्य नगर्न नगराउनुहुन २०७७ सालको विजयादशमी, तिहार तथा छठ पर्वको शुभकामनासहित सम्पूर्ण जनसमुदायमा अनुरोध छ ।


# राष्ट्रपतिले गरिन् रानीपोखरीको उद्घाटन

काठमाडौं, ५ कात्तिक/रासस

राष्ट्रपति विद्यादेवी भण्डारीले पुनःनिर्मित रानीपोखरीको आज उद्घाटन गरिन्। गोर्खा भूकम्पबाट क्षतिग्रस्त ३५२ वर्ष पुरानो न्हुँपोखरी राष्ट्रिय पुनःनिर्माण प्राधिकरणबाट तयार गरिएको हो । भूकम्प गएको वर्ष विसं २०७२ माघ २ गते राष्ट्रपति भण्डारीले रानीपोखरीबाटै नेपालका सबै क्षतिग्रस्त संरचनाको पुनःनिर्माणको शिलान्यास गरेकी थिइन्।

सो अवसरमा राष्ट्रपति भण्डारीले प्राकृतिक एवं सांस्कृतिक सम्पदाले समृद्ध प्राचीन सभ्यताको उद्गमस्थल काठमाडौं उपत्यकाको संरक्षण र विकासका निम्ति यो कार्य महत्त्वपूर्ण कोसेढुङ्गा साबित हुने विश्वास व्यक्त गरेकी छन् ।

राष्ट्रपति भण्डारीले "भूकम्पबाट घरबारविहीन सबैलाई घरवासको व्यवस्थासहित पुनःस्थापना गर्नेछौं, भूकम्पबाट क्षतविक्षत भएका हाम्रा सांस्कृतिक सम्पदालाई अझ बलियो र मौलिक स्वरूपमैं पुनःनिर्माण गर्नेछौं" भन्ने अठोट र प्रण पूरा हुन लागेकोमा खुशी व्यक्त गर्दै बाँकी संरचना चाँडै बन्ने अपेक्षा व्यक्त गरिन् ।

कान्तिपुरका तत्कालीन राजा प्रताप मल्लले निर्माण गरेको रानीपोखरीको आफ्नै ऐतिहासिक, सांस्कृतिक र पर्यावरणीय महत्त्व छ । आफ्ना दिदीबहिनी नहुने दाजुभाइले भाइटीका लगाउने महत्त्वपूर्ण तीर्थस्थलका रूपमा यहाँ रहेको बालगोपालेश्वर मन्दिर विगतको गुम्बज शैलीबाट प्रताप मल्लकालीन ग्रन्थकूट शैलीमा पुनःनिर्माण भएको छ ।

उनले प्राधिकरणले परम्परागत प्रविधि, शैली र निर्माण सामग्री प्रयोग गरी पुनर्निर्माण गरेको रानीपोखरी र मन्दिरले हाम्रा पुरातात्त्विक सम्पदाको संरक्षण र पुनर्निर्माणका क्षेत्रमा एउटा उदाहरण प्रस्तुत गरेको उल्लेख गर्दै प्राधिकरणले रानीपोखरी क्षेत्रलाई हालको रत्नपार्क, खुलामञ्च, टुँडीखेल, भृकुटीमण्डप र दशरथ रङ्गशाला समेतलाई जोडी बृहत्तर गुरुयोजना तयार पारेको जानकारी पाउँदा खुशी लागेको बताइन् । उनले सबै सरोकार पक्षसँग समन्वय गरी उक्त गुरुयोजना कार्यान्वयन गर्नका निम्ति शुभकामना दिइन् ।

"पुनर्निर्माण हुँदै गरेको धरहरा र यस गुरुयोजनाको कार्यान्वयनले काठमाडौंवासीलाई विशाल खुला क्षेत्र उपलब्ध गराउने छ। यसबाट सांस्कृतिक चाडपर्व मनाउन, खेल मैदानका रूपमा प्रयोग गर्न तथा स्वदेशी एवं विदेशी पर्यटकहरूका लागि आकर्षणको केन्द्र बनाउन मदत पुग्ने मैले विश्वास लिएकी छु"–राष्ट्रपतिले भनिन् ।

रानीपोखरीसँगै अवस्थित ऐतिहासिक दरबार हाइस्कूलको पुनःनिर्मित भवनको उद्घाटन गर्ने कार्यक्रम हुनु सराहनीय भएको बताउँदै विद्यालयले योग्य नागरिक तयार गरी मुलुकको विकास र प्रगतिमा महत्त्वपूर्ण योगदान पुऱ्याएको र विनाशकारी भूकम्पबाट क्षतिग्रस्त यस भवनलाई पुरानै शैलीमा भूकम्प प्रतिरोधी प्रविधिमा आधारित भई पुनर्निर्माण गर्न सहयोग पुऱ्याउने मित्र राष्ट्र चीन सरकार र चिनियाँ जनताप्रति आभार व्यक्त गरिन्। उनले सो विद्यालय शैक्षिक गुणस्तरको मानक हुने विश्वास व्यक्त गरिन्। पुनर्निर्माण गरिएको ऐतिहासिक रानीपोखरी र दरबार हाइस्कूलको उद्घाटन भएकोमा खुशी व्यक्त गर्दै उनले भूकम्पपछिको पुनःनिर्माणमा नेपाल सरकारले लिएको नीति, योजना र कार्यान्वयन ढाँचा भावी पुस्ता र बाह्य जगत्का निम्ति प्रेरक बन्न सक्ने विश्वास व्यक्त गरिन् ।

### राष्ट्रपतिद्वारा रकम प्रदान

राष्ट्रपति विद्यादेवी भण्डारीले नेपाल सरकारद्वारा स्थापित 'कोरोना भाइरस सङ्क्रमण रोकथाम तथा उपचार कोष'मा चालू आर्थिक वर्षको आफ्नो दुई महीनाको पारिश्रमिक प्रदान गरेकी छन् ।

विश्वव्यापी महामारीका रूपमा फैलिएको कोभिड –१९ रोकथाम एवं नियन्त्रणका लागि स्थापित सो कोषमा आफूलाई चाडपर्व खर्चबापत प्राप्त हुने रकम पनि राष्ट्रपतिले प्रदान गरेको राष्ट्रपतिको कार्यालयका प्रवक्ता हरिप्रसाद दहालले विज्ञप्तिमार्फत आज जानकारी दिएका छन् ।

### पर्साको..........

तर अहिले कोरोना सङ्क्रमण र आर्थिक अभावले उनीहरूको आगमन हुन सकेको छैन । जसले गर्दा गाउँमा दशैंको रौनक छैन । दशैंको रौनक नभएपनि दीपावली र छठमा घर फर्कने उनीहरूको सम्भावना पनि क्षीण छ । जहाँ रोजगार गर्छन्, त्यहाँ पनि आर्थिक समस्या भएकोले घर फर्केर पर्व उत्साहका साथ मनाउन आर्थिक भार वहन गर्ने अवस्था पनि नभएको उनीहरूका अभिभावकले बताएका छन् । पटेर्वासुगौली गापा–१ का कन्हैया यादवले यसपटक दशैंमा आउन नसकेको र दीपावली, छठमा पनि आउने सम्भावना कम भएको बताए । लत्ताकपडा, खाद्यान्न खरीद गर्ने समस्या आफ्नै ठाउँमा छ । बैंकको ऋणसमेत तिर्न नसकेको उनले बताए ।

धोबिनी गापा–२ का सन्तोष पटेलले लामो समय लकडाउन, निषेधाज्ञाले आर्थिक समस्या बढेको हुँदा पर्व मनाउने सामर्थ्य जुट्न नसकेको बताए ।

### आजको राशिफल

| | |
|---|---|
| मेष – प्रगति | वृष – रोगभय |
| मिथुन – व्यापारवृद्धि | कर्कट – शत्रुपराजय |
| सिंह – ज्ञानोदय | कन्या – भयचिन्ता |
| तुला – विजय | वृश्चिक – धनलाभ |
| धनु – भाग्योदय | मकर – बेचैनी |
| कुम्भ – मनोरञ्जन | मीन – कर्मप्राप्ति |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


## श्री उन्नति आधारभूत विद्यालय

बेलवा, इस्लामपुर, पर्सा

## आवश्यकता

प्रस्तुत विषयमा यस श्री उन्नति आधारभूत विद्यालय इस्लामपुर, बेलवा पर्साको विद्यालय व्यवस्थापन समितिको मिति २०७७/०७/०३ गतेको निर्णय अनुसार तपसीलका विषयमा खुला प्रतियोगिताद्वारा बाल विकास कोटामा नियुक्ति गर्नुपर्ने भएकोले तपसील अनुसारको विज्ञापन आह्वान गरिन्छ ।

| सि.नं. | विज्ञापन | तह | पद सङ्ख्या | विषय | कैफियत |
|---|---|---|---|---|---|
| १ | ०१ | बालविकास कोटा | १ (एक) | | |

२) न्यूनतम योग्यताः एसएलसी वा सोसरह ।
३) उमेर : १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको ।
४) नेपाली नागरिकताको प्रतिलिपि ।
५) नियुक्तिको किसिमः करार (बालविकास) ।
६) नैतिकपतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार नठहरिएको ।
७) भविष्यमा सरकारी नोकरी वा शिक्षक सेवाको लागि अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त नगरिएको ।
८) रीतपूर्वक निवेदन नभए निवेदन रद्द हुने र रद्द भएको निवेदकको दस्तुर फिर्ता नहुने ।
९) शैक्षिक योग्यता, नागरिकता साथै आवश्यक प्रमाणपत्रहरूको प्रमाणित प्रतिलिपि अनिवार्यरूपमा पेश गर्नुपर्नेछ ।
१०) परीक्षाको किसिम– लिखित र मौखिक ।
११) परीक्षा दस्तुर :– ५००/– (अक्षरेपि रु. पाँच सय मात्र) ।
१२) दरखास्त दिने मिति २०७७/०७/०४ देखि २०७७/०७/१९ गतेसम्म बिहान ११ देखि अपराह्न ४ बजेसम्म ।
१३) सम्पर्क मिति : २०७७/०७/२१ गते बिहान ११:०० बजेदेखि ।
१४) परीक्षा केन्द्र : श्री रेलवे माध्यमिक विद्यालय गोश्वारा रोड, वीरगंज ।
१५) स्थानीय महिलालाई विशेष प्राथमिकता दिइनेछ ।

नोटः क) परीक्षा दस्तुर रकम यस विद्यालयको नेपाल बैंक लिमिटेड सिटी अफिसमा रहेको चल्ती हि.नं. ०४४००१००३६३९४००००० १ मा जम्मा गरेको भाउचर संलग्न गर्नुपर्नेछ । - **प्रधानाध्यापक**



## श्री नेपाल राष्ट्रिय आधारभूत विद्यालय

परवानीपुर, वीरगंज महानगरपालिका–२१

## आवश्यकता

प्रस्तुत विषयमा यस श्री नेपाल राष्ट्रिय आधारभूत विद्यालय परवानीपुर पर्साको विद्यालय व्यवस्थापन समितिको मिति २०७७/०७/०३ गतेको निर्णय अनुसार तपसीलका विषयमा खुला प्रतियोगिताद्वारा प्रा.शि. साधारण (करार) तहमा नियुक्ति गर्नुपर्ने भएकोले तपसिल अनुसारको विज्ञापन आह्वान गरिन्छ ।

| सि.नं. | विज्ञापन | तह | पद सङ्ख्या | विषय | कैफियत |
|---|---|---|---|---|---|
| १ | ०१ | प्रा.शि. साधारण | १ (एक) | | |

२) न्यूनतम योग्यताः १०+२ वा सोसरह ।
३) उमेरः १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको ।
४) नेपाली नागरिकताको प्रतिलिपि ।
५) स्थायी शिक्षक अध्यापन अनुमतिपत्र ।
६) नियुक्तिको किसिमः करार ।
७) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार नठहरिएको ।
८) भविष्यमा सरकारी नोकरी वा शिक्षक सेवाको लागि अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त नगरिएको ।
९) रीतपूर्वक निवेदन नभए निवेदन रद्द हुने र रद्द भएको निवेदकको दस्तुर फिर्ता नहुने ।
१०) शैक्षिक योग्यता, नागरिकता साथै आवश्यक प्रमाणपत्रहरूको प्रमाणित प्रतिलिपि अनिवार्यरूपमा पेश गर्नुपर्नेछ ।
११) परीक्षाको किसिम– लिखित र मौखिक ।
१२) परीक्षा दस्तुरः– १०००/– (अक्षरेपि रु. एक हजार मात्र)
१३) दरखास्त दिने मिति २०७७/०७/०४ देखि २०७७/०७/१९ गतेसम्म बिहान ११ देखि अपराह्न ४ बजेसम्म ।
१४) सम्पर्क मितिः २०७७/०७/२४ गते बिहान ११:०० बजेदेखि ।
१५) परीक्षा केन्द्रः श्री रेलवे माध्यमिक विद्यालय, गोश्वारा रोड, वीरगंज ।

नोट : क) परीक्षा दस्तुर रकम यस विद्यालयको नेपाल बैंक लिमिटेड सिटी अफिसमा रहेको चल्ती हि.नं. ०४४००१००३११२४९००००० १ मा जम्मा गरेको भाउचर संलग्न गर्नुपर्नेछ । - **प्रधानाध्यापक**

जि.प्र.का. पर्सा द.नं. १२/२०५३/०५४ प्रतीक जि. हु. का. पर्सा द. नं. १८२/२०७७/०७८

# जीराभवानी गापाका शिक्षकहरू आन्दोलित

प्रस, सेढवा, ५ कात्तिक/

नेपालीजनको महान् पर्व बडादशैं मनाउन सबैजनाले तयारी गरिरहेका बेला पर्साका जीराभवानी गाउँपालिकाका शिक्षकहरू भने आन्दोलित भएका छन्।

उनीहरूले चौमासिक तलबसमेत नपाएको भनेर बुधवार जीराभवानी गापा–३ बितो महतो जनता मावि जीतपुर नौकाटोलामा पत्रकार सम्मेलन गरेर आन्दोलनको कार्यक्रम सार्वजनिक गरेका हुन्। पत्रकार सम्मेलनमा सहभागी नेपाल शिक्षक महासङ्घ, जीराभवानीका सचिव रामबालक चौधरी, दिनानाथ महतो, प्रधानाध्यापक रामाशङ्कर चौधरीलगायत सहभागीहरूले गापाले शिक्षकहरूको चौमासिक तलब नदिउन्जेलसम्म आदेश अवज्ञा गर्ने बताए।



पत्रकार सम्मेलनमा जानकारी गराउँदै शिक्षकहरू। तस्वीरः प्रतीक

नेपाल शिक्षक महासङ्घका अध्यक्ष कृपासिन्धु पटवारीले कात्तिक महीनाको प्रथम चौमासिक तलब र दशैं खर्च माग्दै गापा अध्यक्ष रामप्रीत महतोलाई ज्ञापन बुझाउने बताए। यसैगरी, गापाले गत र चालू शैक्षिक सत्रको मसलन्द खर्च नदिएको, पाठ्यपुस्तकको छुट रकम नपठाएको बताए। विभिन्न शीर्षकमा गापाले पठाउनुपर्ने रकम गत वर्षदेखि बाँकी रहेको र चालू आवमा दशैं आइसक्दा पनि चौमासिक तलबसमेत नदिएको आरोप लगाए। अध्यक्ष पटवारीले गापाले प्रत्येक चौमासिकमा तलब दिन ढिला गरेपनि यसपटक पर्वको मुखमा तलब नदिंदा शिक्षकहरूलाई निकै मर्का परेको बताए।

# सडक, फूटपाथ अतिक्रमणमुक्त अभियान शुरू

प्रस, वीरगंज, ५ कात्तिक/

वीरगंज महानगरपालिकाले महानगरका विभिन्न स्थानमा फूटपाथ, सडकमा जथाभावी राखिएका निर्माण सामग्रीलगायत अन्य सामानहरू नियन्त्रणमा लिने अभियान शुरू गरेको छ।

यसअघि, सात दिने सूचना जारी गरेर सो सामान सडक, फूटपाथबाट हटाउन नगरपालिकाले आह्वान गरेको थियो। महानगरको आह्वानलाई अटेर गरेपछि नगरप्रहरीद्वारा केही दिनदेखि सोविरुद्ध अभियान शुरू गरिएको नगरप्रहरी इन्चार्ज हरि भुसालले बताए। वीरगंज महानगरको आदर्शनगर, माईस्थान, बाइपासको ब्रह्मचोकलगायतका क्षेत्रमा जथाभावी राखिएका निर्माण सामग्री, ठेला, कबाडीका सामान नियन्त्रणमा लिएको इन्चार्ज भुसालले जानकारी गराएका छन्। अभियान शुरू भएयता २५ टयाक्टर बालुवा, १२ टयाक्टर गिट्टी, ३ टयाक्टर ईँटा र दोस्रो बाइपासबाट फलामे कबाडीका सामान नियन्त्रणमा लिएको बताए। उनले नियन्त्रणमा लिएका केही सामान डम्पिङ साइट र महानगरपालिकामा राखिएको बताए।



सडक फूटपाथमा राखिएका सामग्री नियन्त्रणमा लिंदै। तस्वीरः सौजन्य

उनले यो अभियानलाई निरन्तरता दिने बताए। जथाभावी निर्माण सामग्री राखिएका कारण सडक, फूटपाथको आयु कम भइरहेको भनी गुनासो आएपछि यस्तो कदम चालिएको हो।

खासगरी एडिबी अन्तर्गत अर्बौं मूल्यको परियोजनामा बनेका कालोपत्र, फूटपाथ यिनै कारणले गर्दा बन्नेसँगै बिग्रिन थालेपछि महानगरपालिका संवेदनशील भएको हो।

# पाँच दिने सस्तो बजार समापन




तस्वीरः प्रतीक

प्रस, जीतपुर, ५ कात्तिक/

पाँच दिने जीतपुरमा लागेको सस्तो बजार बुधवार एक कार्यक्रमबीच समापन भएको छ। कार्यक्रमका प्रमुख अतिथि जीतपुरसिमरा उपमहानगरपालिकाका नगरप्रमुख डा कृष्ण पौडेलले बजारको समापन गरेका हुन्।

उनले यस क्षेत्रको समग्र विकास, विस्तारको काममा स्थानीय व्यवसायीहरूको सक्रिय सभागिता तथा सहयोग हुनुपर्ने बताए। उनले दशैं बजारले यस भेगका बासिन्दा लाभान्वित भएको बताए।

कार्यक्रममा घनश्याम गिरी, शिवजी साह सोनार, मोहन शर्मालगायतले मन्तव्य राखेको जीतपुरसिमरा नगर उद्योग वाणिज्य सङ्घ जीतपुरका अध्यक्ष सञ्जयकुमार साहले बताए।

# कृषि सहकारीद्वारा शुभकामना आदानप्रदान

प्रस, वीरगंज, ५ कात्तिक/

जिल्ला कृषि सहकारी सङ्घ लि. पर्साको बडा दशैं, दीपावली एवं छठ पर्वको शुभकामना आदानप्रदान कार्यक्रम मङ्गलवार कृषि ज्ञान केन्द्र, वीरगंजको सभाहलमा सम्पन्न भएको छ।

कार्यक्रममा कृषि तथा पशुपक्षी विकास मन्त्रालयले अनुदानको मलखाद वितरण निर्देशिका २०७७ जारी गरेकोमा सो अनुसार स्थानीय तहबाट समन्वय गरी मलखादको कारोबार गर्ने र कृषि सहकारी संस्थाहरूको समस्या, सरोकारवाला निकायले गर्ने सहयोग, सहकार्यबारे छलफल भएको थियो। मन्त्रालयले निर्देशिका जारी गऱ्यो, तर स्थानीय तह बेखबर भएकोले यस वर्ष पनि समयमा मलखाद, बीउबिजन नपाउने तर गहुँ, तेलहनबालीका लागि नितान्त आवश्यक बीउ–खाद स्थानीय तहसँग समन्वय गरी सहज उपलब्धताको प्रयास गरिने सङ्घका अध्यक्ष शिवकुमार साहले बताए। जिल्ला कृषि सहकारी सङ्घ लि. पर्साका अध्यक्ष शिवकुमार साहको अध्यक्षतामा भएको कार्यक्रममा कृषि ज्ञान केन्द्र पर्साका प्रमुख डा. रामचन्द्र यादव, कृषि सामग्री कम्पनी लि. प्रादेशिक कार्यालय, वीरगंजका प्रमुख गोरखनाथ केसी, लेखा प्रमुख शिवबहादुर बुढाथोकी, साल्ट ट्रेडिङ कर्पोरेशन लि. प्रादेशिक कार्यालय वीरगंजका सञ्जय साह, युवा तथा साना व्यवसायी स्वरोजगार कोष पर्साका संयोजक सुनील रौनियार र सहकारीकर्मीहरूले शुभकामना व्यक्त गरेका थिए। कार्यक्रमको सञ्चालन सङ्घका लेखा समिति संयोजक अरविन्द कुमार साहले गरेका थिए भने स्वागत मन्तव्य कोषाध्यक्ष अनिरुद्धप्रसाद चौधरीले गरेका थिए।


कोरोनाबाट सचेत रही चाडपर्व मनाऔं



शुभ विजयादशमी, दीपावली तथा छठ पर्व-२०७७ को उपलक्ष्यमा सम्पूर्ण नगरवासी तथा शुभेच्छुकहरूमा सुख, समृद्धि, सुस्वास्थ्य तथा उत्तरोत्तर प्रगतिको हार्दिक मङ्गलमय शुभकामना।

अमिरीलाल राउत (अध्यक्ष)
विश्रामपुर गाउँपालिका, बारा परिवार

कोरोनाबाट सचेत रही चाडपर्व मनाऔं



शुभ विजयादशमी, दीपावली तथा छठ पर्व-२०७७ को पावन अवसरमा सम्पूर्ण वडावासी, कर्मचारीहरूमा सुख, समृद्धि, सुस्वास्थ्य तथा उत्तरोत्तर प्रगतिको हार्दिक मङ्गलमय शुभकामना।

असलम आलम (वडाध्यक्ष)
पर्सागढी नगरपालिका वडा नं. ५ परिवार

कोरोनाबाट सचेत रही चाडपर्व मनाऔं



शुभ विजयादशमी, दीपावली तथा छठ पर्व-२०७७ को पावन अवसरमा सम्पूर्ण वडावासी, कर्मचारीहरूमा सुख, समृद्धि, सुस्वास्थ्य तथा उत्तरोत्तर प्रगतिको हार्दिक मङ्गलमय शुभकामना।

तुलाराम महतो थारु (वडाध्यक्ष)
पर्सागढी नगरपालिका वडा नं. १ परिवार

कोरोनाबाट सचेत रही चाडपर्व मनाऔं



शुभ विजयादशमी, दीपावली तथा छठ पर्व-२०७७ को पावन अवसरमा सम्पूर्ण शिक्षक/शिक्षिका तथा विद्यार्थीहरूमा सुख, समृद्धि, सुस्वास्थ्य तथा उत्तरोत्तर प्रगतिको हार्दिक मङ्गलमय शुभकामना।

जनता माध्यमिक प्राविधिक शिक्षालय
पकडिया बडनिहार परिवार, पर्सा

Make your stay with us is a
memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj
Call - 51525252, 98028 19788, 98028 19787
Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,

NOVEL CORONA VIRUS (nCOV)
सर्वसाधारणका लागि जनचेतनामुलक संदेश




नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग



स्वच्छ र व्यवस्थित वीरगंजको लागि प्रहरी साझेदारी

- कोभिड-१९ सङ्क्रमण नियन्त्रण तथा रोकथामको लागि आफू पनि सचेत रहौं र अरूलाई पनि सचेत पारौं। - फूटपाथमा जथाभावी पसल नराखौं। - मास्क र पञ्जा प्रयोग गरौं।
- अनावश्यक भीडभाड नगरौं। - जथाभावी पार्किङ नगरी महानगरले तोकेको स्थानमा मात्र पार्किङ गरौं। - वन-वे, टु-वे नियम पालना गरौं। - चौपायाहरू जथाभावी बजारमा नछोडौं।
- जथाभावी फोहर नफालौं, आफ्नो घर, पसलको फोहर डस्टबिनमा फालौं। - तरकारी, फलफूल जथाभावी फूटपाथमा नबेचौं।

